फोन: ०१-५५२४३५२
०१-५०१०१११
०१-५५५३७९८
०१-५४४१६०१
वेबसाइट:www.npponepal.gov.np
इमेल:info@npponepal.gov.np

# नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय
# प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
# हरिहरभवन

प.सं.:२०८३/८४ (रा.वि.सं.सं.)
च.नं:

## कन्साइनमेन्टको नाका परिवर्तन सम्बन्धमा सार्वजनिक सूचना

हालै रसुवा जिल्लामा गएको प्राकृतिक विपद्का कारण क्वारेण्टाइन कार्यालय, भन्सार कार्यालय तथा उक्त क्षेत्रका सडक एवं यातायात पूर्वाधारमा क्षति पुग्नुका साथै आवागमन तथा नियमित सेवा प्रवाहमा समेत प्रतिकूल असर परेको छ। यस परिस्थितिका कारण टिमुरे, रसुवा नाकालाई प्रवेश नाकाका रूपमा उल्लेख गरी जारी भएका प्रवेश अनुमतिपत्रबमोजिम सम्वन्धित कन्साइनमेन्टहरू तोकिएको नाकाबाट पैठारी गर्न पैठारीकर्ताहरूलाई कठिनाइ उत्पन्न भएको छ।

त्यसैगरी, विशेष परिस्थितिका कारण तातोपानी, सिन्धुपाल्चोक नाका समेत हाल सञ्चालनमा आउन नसकेको अवस्थालाई दृष्टिगत गर्दै प्राकृतिक विपद्बाट प्रभावित पैठारीकर्ताहरूलाई थप आर्थिक तथा व्यावसायिक भार पर्न नदिनका लागि आवश्यक सहजीकरण एवं कन्साइनमेन्टको पैठारी प्रक्रियामा उत्पन्न समस्यालाई सम्वोधन गर्न भन्सार विभाग तथा सम्वन्धित निकायसँग आवश्यक समन्वय भइरहेको छ।

यस क्रममा टिमुरे तथा तातोपानी नाकाबाट यस अघि जारी भएका प्रवेश अनुमतिपत्र अनुसारका कन्साइनमेन्टलाई वैकल्पिक नाकाबाट पैठारी गर्ने व्यवस्था मिलाउन आवश्यक परेमा सम्बन्धित पैठारीकर्ताले केन्द्रको Email:info@npponepal.gov.np वा pqrm_section@nppopnepal.gov.np मार्फत निवेदन दिन सक्नेछन् र केन्द्रले संशोधनको आवश्यक व्यवस्था मिलाउनेछ । साथै, कोरला नाका, लोमान्थाङ, मुस्ताङबाट विरुवा क्वारेन्टाइनसम्बन्धी सेवा प्रवाह गर्न देहायबमोजिमको टोली परिचालन गरिएको छ।

**कोराला नाकामा परिचालित कर्मचारीहरू**

१. बाली संरक्षण अधिकृत श्री रोशन कुमार यादव सम्पर्क नं ९८६३९००४४०
२. प्राविधिक सहायक श्री बन्दना घर्तीमगर सम्पर्क नं ९८६६९४९०९१

**केन्द्रबाट आवश्यक सहजीकरण तथा समन्वयका लागि तोकिएका कर्मचारीहरु**

१. वरिष्ठ बाली संरक्षण अधिकृत श्री प्रकाश पौडेल सम्पर्क नं.: ९८४१८८२७९८
२. वरिष्ठ बाली संरक्षण अधिकृत श्री रोशन अधिकारी सम्पर्क नं.: ९८५१३६४२३०

भोजराज सापकोटा
प्रमुख

**पुनश्च:**

सम्बन्धित पैठारीकर्ता, निकासीकर्ता, भन्सार एजेन्ट तथा सरोकारवाला सबैमा टिमुरे नाका रसुवा तथा तातोपानी नाका सिन्धुपाल्चोकका लागि निर्धारित कन्साइनमेन्टलाई वैकल्पिक नाकातर्फ पठाउनुअघि बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ तथा प्रचलित कानूनबमोजिम आवश्यक प्रवेश अनुमति, फाइटोस्यानिटरी शर्त तथा अन्य प्रक्रियाहरूको पूर्ण पालना भएको यकिन गरी मात्र आवश्यक प्रक्रिया अगाडि बढाउन अनुरोध छ।